स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

पत्र संख्या:-०८२/८३
चलानी नम्बर:- ९६०७

लुम्बिनी प्रदेश, नेपाल ।

२०८३/०१/०९

**श्री सामुदायिक, संस्थागत विद्यालयहरू सबै तथा मदरसाहरू**
**मायादेवी गाउँपालिका, रुपन्देही**

**विषय:- विद्यार्थी भर्ना अभियान तथा पठनपाठन सम्बन्धमा ।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना अभियान संचालन तथा पठन पाठन संञ्चालन, शुल्क तथा छात्रवृत्रि व्यवस्थापन सम्बन्धमा संघिय सरकारका विभिन्न निकायहरु वाट भएका निर्देशन तथा परिपत्रहरू एवंम यस कार्यालयको मिति २०८२/१२/२५ को सूचना अवगत नै होला । विद्यार्थी भर्ना र पठनपाठन सम्बन्धमा केहि निजी विद्यालयहरूले उल्लेखित सूचनाहरूको विपरित क्रियाकलापहरु संचालन गरेका भन्ने गुनासो आएको सन्दर्भमा उल्लेखित पृष्ठभूमि तथा कार्यपालिकाको निर्णय समेतका आधारमा निम्नानुसार गर्न, गराउनु हुन अनुरोध छ । अन्यथा भएमा कानून बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

क. विद्यार्थी भर्ना अभियान पूर्व गरिने कार्य

१. शै.स. २०८३ को बार्षिक कार्ययोजना निर्माण कार्य,
२. विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिकरण कार्य,
३. विद्यार्थीको सिकाइ उपलव्धि विश्लेषण तथा सुधार कार्ययोजना निर्माण कार्य,
४. विद्यालय स्तरिय शैक्षिक सूचकहरुको अभिलेखन तथा प्रदर्शन (display) सम्बन्धि कार्य,
५. पाठ्यपुस्तक व्यवस्थापन IEMIS अध्यावधिक गर्ने सम्बन्धि कार्य ।
६. विद्यार्थी शुल्क निर्धारण प्रकाशन सम्बन्धि प्रक्रियागत कार्य सम्पादन ।
७. सिक्षक कर्मचारी दक्षता विकासका कार्यक्रमहरू आदि ।

ख. विद्यार्थी भर्ना अभियान सञ्चालन बैसाख १५ गते देखि २० गते सम्म विविध कार्यक्रम सहित गर्ने ।
ग.. पठनपाठन सञ्चालन २०८३ बैसाख २१ गतेबाट गर्ने ।

२०८३/०१/०९
लेखनाथ पोखरेल
**प्रमुख प्रशासकीय अधिकत**
प्रमुख प्रशासकीय अधिकृत